पाल्हीनन्दन गाउँपालिका फोन नं. ९८५७०४६०३६
Palhinandan Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
बेलासपुर, नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश,नेपाल
Belashpur, Nawalparasi (Ba.Su.Pa.) Lumbini Province, Nepal
(शिक्षा, युवा तथा खेलकुद शाखा )

पत्र संख्या:-/ Ref No. २०७८/०७९
चलानी नं.:-/ Dispatch No २५६९

मिति: २०७८/११/१०

**विषय: आधारभूत तह (कक्षा -८) को परीक्षा आवेदन फारम भर्ने/भराउने सम्बन्धमा।**

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु
(आधारभूत तह कक्षा ८ सञ्चालित) सबै,
पाल्हीनन्दन गाउँपालिका, नवलपरासी (ब.सु.प.)।

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरुबाट शैक्षिक सत्र २०७८ को गाउँपालिका स्तरीय आधारभत तह (कक्षा ८) को अन्तिम परीक्षामा सहभागी हने विद्यार्थीहरुको परीक्षा आवेदन फारम यस गाउँपालिकाको शिक्षा, यवा तथा खेलकद शाखाबाट लिई परीक्षा आवेदन फारम भरी/भराई तपसिल बमोजिमका कागजात सहित मिति २०७८/११/२५ गते भित्र यस शाखमा पेश गर्नहुन अनरोध छ।

**तपसिल:**

१. शैक्षिक सत्र २०७८ को कक्षा ८ को अन्तिम परीक्षामा सहभागी हुने विद्यार्थीहरुको उमेर २०७८ चैत्र मसान्त सम्म १२ वर्ष उमेर परा भएको वा जन्म मिति २०६६/१२/३० भन्दा पहिलेको हुनुपर्नेछ।
२. आवेदन फारम तथा समष्टिगत फारम भर्दा विद्यार्थीको नामथर, जन्ममिति, बुवाआमाको नाम पछिसम्म फरक नपर्ने गरी भर्नुपर्नेछ साथै सो विवरण IEMIS मा पनि भएको हुनुपर्छ।
३. आवेदन फारम संगै विद्यार्थीको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि, कक्षा ७ उत्तिर्ण गरेको ग्रेड वा मार्कसिटको प्रतिलिपि, IEMIS अद्यावधिक गरेको विवरण र समष्टिगत फारमको hard copy र soft copy दुवै बुझाउनु पर्नेछ।
४. गाउँपालिका स्तरीय परीक्षा सञ्चालन तथा व्यवस्थापनका लागि सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुबाट विद्यालयले परीक्षा शुल्क उठाउन पाउने छैन तर संस्थागत विद्यालयहरुले आधारभूत तह (कक्षा ८) परीक्षा सञ्चालन तथा व्यवस्थापन वा शिक्षा समितिले तोके बमोजिमको रकम यस गाउँपालिकामा बुझाउनुपर्नेछ।
५. सबै विद्यालयहरुले परीक्षा आवेदन फारम बुझाएपश्चात विद्यार्थीहरुको रोल नं. कायम गरी प्रवेश पत्र उपलब्ध गराइनेछ।

**बोधार्थ:**

श्री सूचना तथा प्राविधि शाखा, पालिकाको आधिकारिक Website र facebook page मा upload गरिदिनु हुन।

प्रदिप यादव
शिक्षा अधिकृत

Website: http:// palhinandanmun.gov.np, Email:
palhinandanrulmun2073@gmail.com,info@palhinandanmun.gov.np

Scanned with CamScanner

## IEMIS विवरण अद्यावधिक गर्ने तरिका

१. शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अनलाइन पोर्टल iemis.doe.gov.np मा गई IEMIS-2078 को यहाँबाट अलोड गर्नुहोस् मा क्लिक गरी आफ्नो विद्यालयको इमिस आइडिबाट लग इन गर्ने।

२. विद्यालयको प्रोफाइल अपडेट नभएको भए त्यसमा विवरण भरी अपडेट गर्ने।

३. Excel download मा गई Excel file डाउनलोड गर्ने।

४. डाउनलोड गरिएको एक्सल फाइलमा Students मा गई विवरण अद्यावधिक गर्ने।

५. आधारभूत तह उत्तिर्ण परीक्षा २०७८ मा सामेल हुने विद्यार्थीहरुको नामथर, जन्ममिति, बुबा तथा आमाको नाम जन्मदर्ता अनुसार पछिसम्म फरक नपर्ने गरी रुजु गरी अद्यावधिक गर्ने।

६. पुन: शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अनलाइन पोर्टल iemis.doe.gov.np मा गई IEMIS-2078 को यहाँ बाट अपलोड गर्नुहोस् मा क्लिक गरी आफ्नो विद्यालयको इमिस आइडीबाट लग इन गरी Excel upload मा गई अद्यावधिक गरिएको इमिस फाइल Choose गरी अपलोड गर्ने।

७. यस कार्यमा कुनै समस्या परेमा शिक्षा, युवा तथा खेलकुद शाखामा सम्पर्क राख्नु हुन।

शिक्षा अधिकृत

Scanned with CamScanner